दर्ता नं ४२३६

मिति : २०८२।०३।०८

# देश सरकारले शुक्रबार नीति तथा कार्यक्रम ल्याउँदै

समाचारदाता

रधाम, जेठ २२ गते

धेश प्रदेश सरकारले आगामी आर्थिक वर्ष ८३ का लागि शुक्रबार नीति तथा कार्यक्रम लागेको छ।

धेश प्रदेश सभाको पाँचौँ अधिवेशनको शुक्रबा बजे बस्ने प्रदेश सभाको बैठकमा सरकारका प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले आगामी ८२/८३ का लागि नीति तथा कार्यक्रम प्रस्तुत गर्ने कार्यक्रम रहेको मधेश प्रदेश सरकारका प्रवक्ता एवं गृह, सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखीले जानकारी दिनुभयो। उहाँले प्रदेश सरकारले ल्याउन लागेको नीति तथा कार्यक्रममा विगतका सरकारले ल्याएका राम्रा कार्यक्रमलाई वर्तमान सरकारले निरन्तरता दिनुका साथै केही नयाँ कार्यक्रम पनि समावेश भएको बताउनुभयो।

कृषि, शिक्षा, स्वास्थ्य र रोजगारीलाई केन्द्रविन्दुमा राखेर सरकारले नीति तथा कार्यक्रम ल्याउने उहाँले बताउनुभयो। प्रतिपक्षी दलको विरोधका कारण बुधबार स्थगित भएको मधेश प्रदेश सभाको बैठक प्रदेश सभामा प्रतिनिधित्व गर्ने दलबिचमा सहमति भएपछि बिहीबारदेखि प्रदेश सभाको बैठक सुचारु भएको हो।

बिहीबारको बैठकमा प्रदेश सभामा प्रतिनिधित्व गर्ने १० वटै दलका प्रदेश सभा सदस्यले पाँचौँ अधिवेशन सफलताका लागि शुभकामना व्यक्त गर्दै मधेश प्रदेशको समृद्धि र विकासका लागि सत्तापक्ष र विपक्ष एकबद्ध भएर अगाडि बढनुपर्ने बताएका थिए। बैठकमा जसपा नेपालका नेता एवं पूर्वमुख्यमन्त्री लालबाबु राउतले संविधानले प्रदेशलाई दिएका अधिकार पनि कानुनको अभावमा कार्यान्वयन हुन नसकेको भन्दै प्रदेशलाई अधिकार सम्पन्न बनाउनका लागि सर्वदलीय समिति बनाएर केन्द्रमा दबाब सिर्जना गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले प्रहरी समायोजनको काम अगाडि बढ्न नसकेका कारण शान्तिसुरक्षा कायम गराउनमा प्रदेशलाई समस्या हुने गरेको भन्दै प्रहरी समायोजनको काम छिटै टुङ्ग्याउनुपर्ने बताउनुभयो।


**नेपाल सरकार**

**युवा तथा खेलकुद मन्त्रालय**

**युवा तथा साना व्यवसायी स्वरोजगार कोषको**

## थोककर्जा लिन चाहने सहकारी संस्थाहरूलाई जरुरी सूचना

**राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित मितिः २०८२ जेष्ठ २३ गते शुक्रबार**

बाट थोककर्जा लिई कोषको उद्देश्यानुसार कोषबाट छनौट गरिएका बेरोजगार व्यक्तिहरूलाई कोषले तोकेको समयमा व्यक्तिगत वा सामूहिक कर्जा प्रवाह गरी जगार बनाउन देहाय बमोजिम मापदण्ड पूरा गरेका ईच्छुक सहकारी संस्थाहरूले तोकिएका कागजात संलग्न राखी ३५ दिनभित्र अर्थात् असार २६, २०८२ बिहिबार लय समयभित्र कर्जा प्रस्ताव फारम पूर्ण रूपमा भरी जिल्ला कर्जा असूली उप-समितिको कार्यालय (जिल्ला प्रशासन कार्यालय) र काठमाण्डौ, भक्तपुर र ललितपुर नाको हकमा कोषको केन्द्रीय कार्यालय कोपुण्डोल, ललितपुरमा प्रस्ताव पेश गर्न हुन यो सूचना आह्वान गरिएको छ। सूचनाको अन्तिमदिन सार्वजनिक विदा सोको भोलिपल्ट कर्जा प्रस्ताव पेश गर्न सकिनेछ।

**कर्जा प्रस्ताव पेश गर्ने सहकारी संस्थाहरूले पूरा गर्नुपर्ने मापदण्डहरू:**

**संस्थाको कार्यक्षेत्र, शेयरपुँजी, सदस्य संख्या र सञ्चालनावधिः**

| सं. | कार्यक्षेत्र | शेयरपुँजी (लाखमा) | शेयर सदस्य संख्या (जना) | सञ्चालन अवधि (वर्ष) |
|---|---|---|---|---|
| | महानगरपालिका | ४० | ५५० | संस्था दर्ता भई सञ्चालनमा आएको मितिले २ वर्ष पूरा गरेको एवम् आर्थिक वर्ष २०७९/८० र २०८०/८१ बचत/नाफामा रहेको। |
| | उप-महानगरपालिका | ३० | ४५० | |
| | नगरपालिका | २० | ३५० | |
| | गाउँपालिका | ५ | २०० | |
| | महा/उप-महा/नगरपालिका/उत्पादनमूलक (कृषि सहकारी संस्था) | १० | २०० | |
| | गाउँपालिका उत्पादनमूलक (कृषि सहकारी संस्था) | ४ | १२५ | |
| | दुर्गमका जिल्लाहरूका सहकारी संस्थाहरू: **(अछाम, कालीकोट, जाजरकोट, जुम्ला, डोल्पा, दार्चुला, बझाङ, बाजुरा, मनाङ, मुगु, मुस्ताङ र हुम्ला)** | २ | १०० | |

०८० आषाढ मसान्तसम्मको लेखापरीक्षण सम्पन्न भई संस्था सञ्चित नोक्सानीमा नरहेको हुनुपर्नेछ र २०८१ चैत्र मसान्तसम्मको वित्तीय विवरण पेश गर्नुपर्नेछ।

आर्थिक वर्ष २०८०/८१ मा भाखा नाघेको ऋण कूल ऋण लगानीको ५ प्रतिशतभन्दा बढी नभएको हुनुपर्नेछ। कर्जा वर्गीकरण गरी नियमअनुसारको कर्जा जोखिम कोषको व्यवस्था गरेको हुनुपर्नेछ।

ञ्चालक, लेखा र ऋण उप-समितिका सदस्य तथा पदाधिकारीहरू सहकारी संस्थाको कार्यक्षेत्रभित्र स्थायी बसोबास गरेको प्रमाण (नागरिकता प्रमाणपत्र/राष्ट्रिय परिचयपत्र, तदाता परिचयपत्र वा जग्गाधनी प्रमाणपूर्जाको छायाँप्रति) हुनुपर्नेछ। बसाईसरी आएकाको हकमा स्थानीय पञ्जिकाधिकारीको सिफारिस पेश गर्नुपर्नेछ।

स्थाले कार्यालय खोली नियमित रूपमा कार्यसञ्चालन गरेको हुनुपर्नेछ।

र्जा माग प्रस्ताव गर्दा सहकारी संस्थाका मौजुदा तथा तत्कालीन पदाधिकारी एवम् सदस्यहरूको दायित्व कोषको कर्जा चुक्ता नहुँदासम्म कायम रहनेछ।

...ीय सरकार, प्रदेश सरकार, स्थानीय तह तथा अन्य निकायबाट कुनै कैफियत नदेखिएको हुनुपर्नेछ।

**...स्थाले प्रमाणित गरी पेश गर्नुपर्ने कागजातहरू:**

...ाथि १ को (क) मा उल्लेखित भएअनुसारको लेखा परीक्षण प्रतिवेदन (वासलात, नाफा-नोक्सान हिसाब, नगदप्रवाह विवरण, लेखानीति तथा टिप्पणी र सोको अनुसूचीहरू), ...ेखा परीक्षकको संस्थादर्ता, नवीकरण प्रमाणपत्र, करचुक्ता र मूल्यअभिवृद्धिकर (भ्याट)/स्थायी लेखा नम्बर (प्यान) दर्ताको प्रमाणित छायाँप्रति पेश गर्नुपर्नेछ।

...ोषको कर्जा प्रस्ताव फारम पूर्ण रूपमा भरी प्रत्येक पानामा हस्ताक्षर गरी संस्थाको छाप लगाएको हुनुपर्नेछ।

...चत तथा ऋण र बहुउद्देश्यीय तथा रू. १ करोडभन्दा बढी कारोबार गर्ने सहकारी संस्थाहरूको हकमा आर्थिक वर्ष २०८०/८१ को लामो फाराम (लङफर्म) र ...ल्र्स प्रतिवेदन पेश गर्नुपर्नेछ। साथै लेखापरीक्षण प्रतिवेदनमा UDIN नम्बर अनिवार्य उल्लेख भएको हुनुपर्नेछ। उत्पादनमूलक सहकारी संस्थाको हकमा पर्ल्स ...तिवेदन नभएमा लेखा परीक्षकबाट कर्जा वर्गीकरण र भाखा नाघेको/ननाघेको प्रमाणितपत्र संलग्न हुनुपर्नेछ।

...हकारी संस्थाले आफ्नो कार्यक्षेत्रभित्र लगानी गर्ने स्थानीयतहको सक्कलै सिफारिसपत्र कोषले तोकेको ढाँचामा पेश गर्नुपर्नेछ।

...हकारी संस्थाको सञ्चालक, लेखा तथा कर्जा उप-समितिका पदाधिकारी तथा सदस्यहरूको नागरिकता/राष्ट्रिय परिचयपत्रको प्रमाणित छायाँप्रति पेश गर्नु...र्नेछ। संस्थाको आफ्नै घरजग्गा भए सोको प्रमाण र सञ्चालक, लेखा, कर्जा उप-समिति र व्यवस्थापकको नाममा रहेको जग्गाधनी प्रमाणपुर्जाको छायाँप्रति ...वम् उक्त जग्गाको चालु आर्थिक वर्षको तिरो तिरेको रसिदको प्रमाणित छायाँप्रति पेश गर्नुपर्नेछ। सञ्चालक, लेखा, कर्जा उप-समितिका पदाधिकारी तथा ...दस्यहरू र व्यवस्थापकको आफ्नो नाममा घरजग्गा नभएमा एकाघर परिवारको जग्गाधनी प्रमाणपूर्जाको छायाँप्रतिको साथै सम्बन्धित धनीको मञ्जुरीनामा पेश ...र्नुपर्नेछ। आफ्नो वा एकाघर परिवारका सदस्यको नाममा कुनै घरजग्गा नभएकाको हकमा सम्बन्धित पालिकाबाट स्वीकृत लिई बसोबास गरेको घरजग्गाको ...स्सा र सोबारे पालिकाले गरेको सिफारिसपत्र पेश गर्नुपर्नेछ।

...स्थाको आफ्नो कार्यालयभवन नभएमा कार्यालय सञ्चालन भएको घरबहाल सम्झौतापत्रको प्रमाणित छायाँप्रति पेश गर्नुपर्नेछ।

...ाथि १ को मापदण्डानुसार संस्थादर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर (प्यान), सम्बन्धित दुई आर्थिक वर्षको करचुक्ता प्रमाणपत्रको छायाँप्रति पेश गर्नुपर्नेछ।

...ानियमको प्रमाणित छायाँप्रति पेश गर्नुपर्नेछ।

...ानियमको उद्देश्य वा कार्यमा अन्य कोष, संघ/संस्थामार्फत् कर्जा लिने/दिने व्यवस्था भएको हुनुपर्नेछ।

**...हकारीका सञ्चालक, लेखा तथा कर्जा उप-समितिले निर्णय गरी पेश गर्नुपर्ने कागजातहरू:**

...मितिका सदस्यहरूले स्वरोजगार कर्जा माग गर्ने निर्णय र आफ्नो कार्यक्षेत्रभित्र बसोबास गर्ने बेरोजगारहरूलाई स्वरोजगार बनाउने प्रतिबद्धता।

...कोषको रकम पूर्णरूपमा सदुपयोग गरी साँवा ब्याज फिर्ता गर्न मञ्जुर गरी सोअनुसार कोषमा रकम दाखिला नगरेमा आफ्नो र एकाघर परिवारका सदस्यको ...ाममा भएको चल/अचल सम्पत्ति जायजेथाबाट असूल-उपर गरेमा मञ्जुर छ। कर्जा दुरुपयोग गरेमा वा समयमा कोषमा साँवा-ब्याज फिर्ता नगरेमा सञ्चालक, ...ेखा र कर्जा उप-समितिका पदाधिकारी तथा सदस्यहरूलाई सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहबाट दिने सेवा/सुविधाबाट बञ्चित गर्ने, कालोसूचीमा ...ाख्ने, बैङ्क/वित्तीय संस्थामा रहेको खाता रोक्का गर्ने, सरकारीधन मासेसरह कार्यवाही गर्ने लगायतका प्रचलित कानुनबमोजिम कारवाही गरी कोषको रकम ...सूल गरेमा मञ्जुर छ" भन्ने व्यहोराको व्यक्तिगत/सामूहिक मञ्जुरीनामाको निर्णय।

...हकारी संस्था एवम् सञ्चालक, लेखा तथा कर्जा उप-समितिका पदाधिकारी तथा सदस्यहरू कालोसूचीमा परे/नपरेको व्यहोराको स्व-घोषणा।

...हकारी संस्थाले बैङ्क/वित्तीय संस्था वा अन्य कुनै संस्थाबाट कर्जा लिएको भएमा सोको सम्बन्धित संस्थाबाट लिएको साख सूचना पेश गर्नुपर्नेछ। नलिएको ...एमा कर्जा नलिएको स्व-घोषणा।

...सअघिको सूचना अनुसार पेश भई अध्ययनरत अवस्थामा रहेको वा विचाराधीन फाईलका आवदेक सहकारी संस्थाहरूले पुनः प्रस्ताव पेश गर्नुपर्नेछ। यसरी ...ुनः प्रस्ताव पेश गरेका सहकारी संस्थाहरूलाई प्राथमिकतामा राखिनेछ।

**...ोषसँग पुनः कर्जा कारोबार गर्न ईच्छुक संस्थाहरूले पूरा गर्नुपर्ने मापदण्डहरू:**

...सअघि लिएको कोषको कर्जा रकम समयमै पूर्णचुक्ता गरेका सहकारी संस्थाहरूले मात्र माग प्रस्ताव पेश गर्न सक्नेछन्। तीन किस्ताभन्दा बढी अवधि भाखा ...ाघेका सहकारी संस्थाको आवेदन रद्द हुनेछ।

**...स्ताव मूल्याङ्कन, छनौट र कर्जा रकम:**

...श भएका प्रस्तावहरू कोषको नियमानुसार स्थलगत निरीक्षण गरी सिफारिस भएपछि कोषबाट आवश्यक मूल्याङ्कन गरी प्रथम पटकमा अधिकतम ५० लाख र ...सअघि कर्जा सम्झौता गरी नियमित कर्जा चुक्ता गरेका संस्थालाई बढीमा रू. १ करोडसम्म कर्जा स्वीकृत गर्न सकिनेछ।

...उपर्युक्तानुसार कर्जा प्रस्ताव फारम पूर्ण नभरिएका, मापदण्ड पूरा नगरेका, कागजात नपुगेका संस्थाहरूको कर्जा प्रस्ताव स्वतः रद्द भएको मानिनेछ।

...र्जा स्वीकृत गर्नेसम्बन्धी सम्पूर्णाधिकार कोषमा निहित रहने छ।

...र्जा प्रस्ताव फारम र स्थानीय तहको सिफारिस पत्रको नमूना कोषको सचिवालयको वेवसाईट www.ysef.gov.np बाट प्राप्त गर्न सकिनेछ।

...सअघि कोषको लगानी कम रहेको जिल्लालाई प्राथमिकता दिनेछ। साथै, कोषले लगानी गर्दा बेरोजगारी दर बढी भएको क्षेत्र/जिल्लालाई प्राथमिकता दिनेछ।

**...विनतम स्वरोजगार परियोजना:**

...एक प्रदेश एक नविनतम स्वरोजगार परियोजना संचालन गर्नका लागि बैंक वित्तीय संस्था तथा सहकारी संस्थाहरुले कर्जाका लागि कोषको कार्यालय कोपुण्डोल ललितपुरमा परियोजना प्रस्ताब पेश गर्न सक्नेछन्।

...चः **उत्पादनमूलक सहकारीसंस्था भन्नाले कृषि, पशुपालन, दुग्ध उत्पादन, माछापालन, मौरीपालन लगायतका विषयगत उत्पादन वा प्रशोधनमा संलग्न सहकारी संस्थाहरूलाई सम्झनुपर्दछ।**

**बैङ्क/वित्तीय संस्थाहरूको हकमा कोष सचिवालय, कोपुण्डोल ललितपुरमा जुनसुकैबेला थोककर्जा प्रस्ताव पेश गर्न सक्नेछन्।)**